**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७८।०७९ सालको निर्णय नं. २३९

**पुनरावेदन नं. ०७५-RB-०३३१**

**मुद्दाः– अन्तशुल्क (२०७३/०७४) ।**

यती ब्रुअरी प्रा. लि. को (स्थायी लेखा नं. ६०१०९५६८५) को तर्फबाट अख्तियार प्राप्त ऐ. का प्रबन्धक संचालक संजिव सराफ.................................................१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व कार्यालय, भरतपुर............................................................ १ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री ओमकुमार दाहाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री विमला गौतम

**अविलम्वित नजीरः ×**

## शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, भरतपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री थान प्रसाद पंज्ञानी
शुरु कर्यालयको निर्णय मितिः–२०७५/०२/२३

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा आन्तरिक राजस्व कार्यालय भरतपुरका कर अधिकृतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र अन्तशुल्क ऐन, २०५८ को दफा १९(६) बमोजिम पुनरावेदन पर्न आएकोमा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पुनरावेदक करदाता यती ब्रुअरी प्रा. लि. को आर्थिक बर्ष २०७३।०७४ को लागि मिति २०७५।०२।०२मा स्वीकृत अन्तशुल्क परिक्षण प्रतिवेदन बमोजिम उद्योगले २०७३ फागुन महिनामा बियर उत्पादन गर्दा भएको नोक्सानी कार्यालयबाट मिनाहा नगराई आफुखुशी मौज्दात घटाएको बियरको अन्तशुल्क विगो रू. ८,२६,८००।—मा अन्तशुल्क ऐन, २०५८ को दफा १०घ उपदफा (६) खण्ड (क) अनुसार शतप्रतिशत जरिवाना गरी सोही ऐनको दफा १०झ बमोजिम विलम्व अवधि २०७५।०१।३१ सम्मको विलम्व शुल्क रु.१,६६,१८६।८० समेत गणना गरी अन्तशुल्क नियमावली, २०५९ को अनुसुची ४ बमोजिम अन्तशुल्क निर्धारण गर्ने गरी आन्तरिक राजस्व कार्यालय, भरतपुरबाट मिति २०७५।०२।०२ मा जारी भएको आदेश।

२. आन्तरिक राजस्व कार्यालय, भरतपुरबाट मिति २०७५/०२।०२मा जारी भएको सुचना करदाताले मिति २०७६।०२।०२मा बुझिलिई लिखित जवाफ मिति २०७६/०२/१६ मा पेश गरेको ।

३. करदाताले पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा अन्तशुल्क कर, जरिवाना र विलम्व शुल्क समेत जम्मा रू. १८,१९,७८६।८० अन्तशुल्क नियमावली २०५९ को नियम ६क(२) बमोजिम अन्तिम अन्तशुल्क कर निर्धारण आदेश जारी गर्ने गरी आन्तरिक राजस्व कार्यालय, भरतपुरबाट मिति २०७५।०२।२३ मा भएको निर्णय पर्चा ।

४. आन्तरिक राजस्व कार्यालय, भरतपुरले मिति २०७५/०२/२३ मा जारी गरेको आ.व. २०७३/०७४ को अन्तशुल्क तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी यती

ब्रुअरी प्रा. लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०४/२२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. पुनरावेदक करदाता यती ब्रुअरी प्रा. लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०४/२२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन अन्तशुल्क ऐन, २०५८ को दफा १९(४) बमोजिम ६० दिन भित्र निर्णय गरी सक्नु पर्नेमा नगरेकोले राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन गर्न जाने जानकारीको निवेदन मिति २०७५।१२।०३ मा आन्तरीक राजस्व विभागमा दर्ता गरी पुनरावेदन गरेको छु। कारखाना निरीक्षकको नियन्त्रणमा रहेको कच्चा पर्दाथ प्रयोग गरी व्यवसायिक उत्पादन थालनी गरेको र उद्योगको उत्पादनको सम्पुर्ण विवरण निरीक्षककोमा समेत रहने भएकोले उत्पादनको मात्रा नियतबस तल माथि गर्न सक्ने अबस्था रहदैन। बास्तविक उत्पादनलाई कम देखाउने कार्य यस कम्पनीले नगरेको र भौतिक नियन्त्रणमा रहने यस उद्योगले गरेको बास्तविक उत्पादन र त्यसमा भएको जर्तिको यर्थाथ विवरण भरी अन्तशुल्क मास्केवारी फाराम भरी बुझाएकोछ। कानुनले नै प्रतिलब्धी दर तोकिदिएको अबस्थामा अन्तशुल्क वास्तविक उत्पादनमा लगाउनु नै न्यायिक हुने हुँदा अन्तशुल्क ऐन, २०५८ को दफा १०घ (१) (च) मा उत्पादन प्रतिलब्धी नपुगेमा पनि अन्तशुल्क निर्धारण गर्नसक्ने अधिकार कार्यालयलाई दिएकोमा सो अन्तर्गत प्रस्तुत आदेश जारी नगरी ऐनको दफा १०घ (१) (घ) को आधारमा कर निर्धारण गर्न मिल्दैन। अन्तशुल्क ऐनको दफा १०घ को अबस्था र दफा १६ को कसुर फरक भएको आधार कारण समेतबाट ब्याज र जरिवाना समेत लगाउने र उत्पादनको प्रथम दिन परिक्षण उत्पादनको क्रममा पानी भरिएको बोतलमा प्रयोग गरिएको कारण खेर गएको १२,८६४ थान क्राउनलाई आधार लिई गरिएको जरिवाना र विलम्व शुल्क त्रुटिपुर्ण र अनुचित रहेकोले अन्तशुल्क ऐन, २०५८ को मर्म एवं भावना विपरित हुने गरि गरिएको अन्तिम अन्तशुल्क निर्धारण, जरीवाना र विलम्व शुल्क समेत नियमसँगत नदेखिएको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७६/०१/२२ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

६. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई पुरावेदक करदाताले आन्तरीक राजस्व कार्यालय भरतपुरको मिति २०७५।०२।२३ को अन्तशुल्क निर्धारण आदेश उपर प्रशासकीय पुनरावलोकनका निमित्त आन्तरीक राजस्व विभाग समक्ष पेश गरेको निवेदन सहितको सक्कल मिसिल समेत झिकाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०८/२६ मा भएको आदेश ।

## ठहर खण्ड

७. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री ओमकुमार दाहालले आन्तरिक राजस्व कार्यालय भरतपुरबाट परिक्षण उत्पादनको क्रममा खेर गएको १२,८६४ थान क्राउनलाई समेत आधार लिई गरिएको अन्तिम अन्तशुल्क कर निर्धारण, जरीवाना र विलम्व शुल्क समेत कानुनसँगत नदेखिएको हुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमले शुरु कार्यालयबाट भएको अन्तशुल्क कर निर्धारण, जरीवाना र विलम्व शुल्क निर्धारणको आदेश कानूनसम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

८. उपर्युक्त बहस समेत सुनी मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय भरतपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तशुल्क निर्धारणको आदेश मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

९. निर्णय तर्फ विचार गर्दा, अन्तःशुल्क परिक्षण प्रतिवेदन बमोजिम करदाता उद्योगले २०७३ फागुन महिनामा बियर उत्पादन गर्दा भएको नोक्सानी कार्यालयबाट मिनाहा नगराई आफुखुशी मौज्दात घटाएको बियरको अन्तःशुल्क विगो रू. ८,२६,८००।—मा शतप्रतिशत जरिवाना रू. ८,२६,८००।—गरी विलम्व अवधि २०७५।०१।३१ सम्मको विलम्व शुल्क रु१,६६,१८६।८० समेत गणना गरी प्रारम्भिक अन्तशुल्क निर्धारण भएकोमा करदाताले पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा अन्तःशुल्क, जरिवाना र विलम्व शुल्क समेत जम्मा रू. १८,१९,७८६।८० अन्तिम अन्तःशुल्क निर्धारण आदेश जारी गर्ने गरी शुरु कार्यालयबाट निर्णय भएको देखिन्छ।

१०. अन्तशुल्क ऐन, २०५८ को दफा १०घ (१) (च) मा यो ऐन वा ऐन अन्तर्गत अन्तःशुल्क लाग्ने बस्तु वा सेवाको प्रतिलब्धि नपुगेमा अन्तःशुल्क निर्धारण गर्न सक्ने व्यबस्था रहेको देखिन्छ। त्यसै गरी सोही दफा १०घ (१) (घ) मा अन्तःशुल्कको रकम कम देखाएको वा ठिक नभएको भन्ने विश्वास गर्नुपर्ने आधार भएमा पनि अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने नै देखिन्छ। अन्तःशुल्क अधिकृतले मिति २०७५।०२।०२ मा गरेको प्रारम्भिक अन्तःशुल्क निर्धारण आदेशमा अन्तःशुल्क निर्धारण गर्नुपर्ने कारणमा अन्तःशुल्कको रकम कम देखाएको भन्दै सोको आधार र कारणमा पुनरावेदक करदाता यति ब्रुअरी प्रा.लि.

ले दुई प्रतिशत भन्दा बढी नोक्सानी मिन्हा दावी गरेको हुँदा फागुन महिनामा पेश गरेको अनुसूची २५ मा उल्लिखित ब्राण्डको दुई प्रतिशत सम्म नोक्सानी मिन्हा दिई दुई प्रतिशत भन्दा बढी नोक्सानी दावीको हकमा नोक्सानी मिन्हा पाउने कानूनी व्यवस्था नभएकाले बढी नोक्सानी दावी परिमाण ७,८००।०० लिटरको आ.व. २०७३।०७४ मा कायम रहेको अन्तःशुल्क दर प्रति लिटर रु. १०६ का दरले हुने अन्तःशुल्क, शतप्रतिशत जरिवाना र विलम्ब शुल्क समेत रकम गणना गरी जम्मा अन्तःशुल्क रु. १८,१९,७८६।८० निर्धारण गरिएको भनी मिति २०७५।०२।२३ को निर्णय पर्चाबाट देखिन आयो।

११. पुनरावेदक करदातालाई अन्तःशुल्क नियमावली, २०५९ को नियम २३क बमोजिम दिन पाउने २ प्रतिशत सम्मको अर्थात ३६,७२१।०८ लिटर जर्ति मिन्हा प्रदान गरिएको हुँदा यसलाई अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ को उपदफा (१) को खण्ड (च) बमोजिम प्रतिलब्धी नपुगेको अवस्था मात्र मिल्ने देखिएन। करदाताले मिन्हा पाउन नसक्ने २ प्रतिशत भन्दा बढी परिमाण अर्थात ७,८००।- लिटर वियरको अन्तःशुल्क कम देखाई कारोबारको विवरण पेश गरेको अवस्था देखिंदा यी तथ्यबाट पुनरावेदक करदाताको हकमा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ को उपदफा (१) को खण्ड (घ) आकर्षित हुने स्पष्ट देखिन आउँछ। सोही आधारमा घटी अन्तःशुल्क रकम दाखिला गरेको ७८०० लिटर वियरको हकमा मात्र अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ (१) (घ) बमोजिम र ऐ. ऐनको दफा १६ को उपदफा (५) को खण्ड (क) को व्यवस्था बमोजिम तिर्नु पर्ने अन्तःशुल्क रकमको शतप्रतिशत जरिवाना रु.८,२६,८००।- र दफा १०झ अनुसार प्रतिदिन ०.०५ प्रतिशतको दरले हुन आउने विलम्व शुल्क रु.१,६६,१८६।—माग गर्नुपर्ने कानुनी व्यवस्था बमोजिम नै आन्तरिक राजस्व कार्यालय भरतपुरबाट विलम्व शुल्क समेत जम्मा रु.१८,१९,७८६।८० अन्तःशुल्क निर्धारण भएको देखिदा सो कार्यालयबाट भएको उक्त निर्णयलाई अन्यथा मान्नु पर्ने नदेखिदा करदाताको शुरु कार्यालयबाट भएको निर्णय बदर गरी पाउँ भन्ने पुनरावेदन जिकिरसग सहमत हुन सकिएन।

१२. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता यति ब्रुअरी प्रा. लि. (स्थायी लेखा नं. ६०१०९५६८५) ले आ.व. ०७३/०७४ को नपाउने नोक्सानी मिन्हा दावी गरेकोमा अन्तशुल्क ऐन, २०५८ को दफा १०घ (१) (घ) र (च) तथा अन्तशुल्क नियमावली, २०५९ को नियम ६क (२) बमोजिम अन्तशुल्क निर्धारण गरी रु ८,२६,८००।— अन्तशुल्क रकम, सोको शतप्रतिशत जरिवाना रु ८,२६,८००।— र ऐनको दफा १०(झ) अनुसारको विलम्व शुल्क रु१,६६,१८६।—समेत जम्मा रु १८,१९,७८६।८० (अठार लाख उनाईस हजार सातसय छयासी र पैसा असी मात्र) करदातासग माग गर्ने ठहर्याई अन्तरिक

राजस्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृतबाट मिति २०७५।०२।२३ मा भएको भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**तपसिल खण्ड**

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.......................................................................................................................१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनु.....................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू.......................................................................................३

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

फैसला तयारीगर्न सहयोग गर्नेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल बैशाख ५ गते रोज २ शुभम.................................

प्रमाणिकरण मितिः-